# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक ७५ | काठमाडौं | शुक्रबार, २४ असार २०७९ | Prabhab National Daily, Friday, July 8, 2022 | URLwww.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## माओवादीले टुंग्याएन पदाधिकारी



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेकपा माओवादी केन्द्रले ४१ सदस्यीय स्थायी समिति र १५६ सदस्यीय पोलिटब्युरो बनाउने भएको छ। जसअनुसार स्थायी समितिमा रहने १५ जना नेताको मात्र नाम टुंगो लागेको छ।

बिहीबार काठमाडौंमा सम्पन्न केन्द्रीय समिति बैठकमा अध्यक्ष पुष्पकमल दाहालले स्थायी समिति र पोलिटब्युरोको सदस्य संख्या घोषणा गरेका हुन्। पदाधिकारी चयन गर्ने भनिएको बैठक त्यसबारे भने कुनै निर्णय नगरेर सकिएको छ।

४१ सदस्यीय स्थायी समिति गठन गर्ने निर्णय गरिए पनि अध्यक्ष दाहालले तत्कालीन नेकपाकालीन स्थायी कमिटीमा रहेका १५ जनाबाहेक अरुको नाम भने बैठकमा प्रस्तुत गरेनन्। उनले सबै पक्ष समेटेर चाँडै ४१ जनाको नाम सार्वजनिक गर्ने बताए।

स्थायी समितिमा परेका १५ जनामध्ये दाहालसहित नारायणणकाजी श्रेष्ठ, कृष्णबहादुर महरा, गणेश साह, गिरिराजमणि पोखरेल, चक्रपाणी खनाल, जनार्दन शर्मा, देवप्रसाद गुरुङ, देवेन्द्र पौडेल, पम्फा भुसाल, वर्षमान पुन, मातृका यादव, लीलामणि पोखरेल, शक्तिबहादुर बस्नेत र हरिबोल गजुरेल छन्।

दाहालले सुरुमा पोलिटब्युरो १२५ सदस्यीय हुने बताएका थिए। तर, पोलिटब्युरोमा रहनेहरूको नामावली उनले दुईपटक पढ्दा पनि गोलमाल भएको थियो। त्यसपछि बैठक एक घण्टाका लागि स्थगित गर्नुपरेको थियो। त्यसपछिको बैठकमा दाहालले १५० जना बढीको नाम पढेका थिए। पोलिटब्युरोको संख्याभन्दा नाम धेरै भएको कुरा उठेपछि उनले बाँकीलाई वैकल्पिक पोलिटब्युरो सदस्य बनाउने बताए।

**पदाधिकारी टुंग्याउने जिम्मा स्थायी समितिलाई**

माओवादी केन्द्रको पदाधिकारी बिहीबारको केन्द्रीय समिति बैठकले टुंग्याउने बताएको थियो। तर, बैठकले पार्टी पदाधिकारी टुंग्याउने जिम्मा स्थायी समितिलाई दिएको छ। बिहीबार सम्पन्न माओवादी केन्द्रीय बैठकले एक साताभित्र पदाधिकारी चयनको जिम्मा स्थायी समितिलाई दिएको हो। बैठक आइतबारदेखि सुरु भएको थियो।

बैठकले नयाँ केन्द्रीय समिति सदस्यको शपथ ग्रहण, नयाँ संरचनात्मक आधारमा केन्द्रीय सदस्यको कार्यविभाजन गरेको छ। यस्तै स्थानीय निर्वाचनको समीक्षा तथा आगामी निर्वाचनसम्बन्धी कार्ययोजना निर्माण गरेको जानकारी दिइएको छ।

# उपत्यकाको सुरक्षा कमाण्ड केन्द्रीय प्रहरीलाई

## विरोधमा ६ प्रदेशका गृहमन्त्री

■ प्रभाव संवाददाता

**काठमाडौं–** मुलुकमा संघीय अभ्यास भएको पाँच वर्ष भइसक्यो। सातै प्रदेशमा प्रदेश सरकार छन्। राज्यका अन्य निकायले पनि प्रादेशिक अभ्यास गरिसकेका छन्। सुरक्षाको मुख्य जिम्मेवारी बोकेको नेपाल प्रहरीले पनि प्रादेशिक संरचना तयार गरेको छ। प्रहरी नायब महानिरीक्षक (डिआइजी)को नेतृत्वमा सातै प्रदेशमा प्रहरी संगठनको संरचना सक्रिय छ।

तर, ऐन नबन्दा प्रहरी समायोजनाको काम भने हुन सकेको छैन। खासगरी काठमाडौं उपत्यकाको सुरक्षाका विषयमा ऐन समस्या रहेको बताइन्छ। अब भने यो समस्या हट्ने भएको छ।

नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन सुपरीवेक्षण र समन्वय) ऐन, २०७६ अहिले छलफलका क्रममा छ। गृहमन्त्री बालकृष्ण खाणले उक्त संशोधन विधेयक गत जेठ २९ गते प्रतिनिधिसभामा दर्ता गराएका थिए। उक्त विधेयकमाथि बिहीबार राज्यव्यवस्था तथा सुशासन समितिमा छलफल भयो। र, समितिले काठमाडौं उपत्यकाको सुरक्षा वयवस्थापन प्रदेश प्रहरीसँगको त्चना)ले नै गर्ने विधेयक पारित गरेको छ। अर्थात्, काठमाडौं उपत्यकाको सुरक्षा व्यवस्था प्रदेश प्रहरीको समन्वयमा केन्द्र मातहतमा रहनेछ। विधेयकलाई संशोधनसहित समितिबाट पारित गरिएको हो।

संशोधनका लागि ल्याइएको विधेयकको दफा १० मा 'उपत्यकामा प्रदेश प्रहरीको काम, कर्तव्य र अधिकारको प्रयोग तथा प्रदेश प्रहरीले अनुसन्धान गर्ने कसुरको अनुसन्धानसमेत नेपाल प्रहरीले गर्नेछ' भनी थप गरिएको छ। यस्तै, उपदफा २ मा उक्त प्रयोजनका लागि नेपाल प्रहरीबाट सम्पादन हुने कामका लागि काठमाडौं, ललितपुर र भक्तपुर जिल्लामा नेपाल प्रहरीअन्तर्गतका प्रहरी कार्यालय रहने छन् भन्ने व्यवस्था राखिएको थियो।




बिहीबार प्रतिनिधिसभाअन्तर्गतको राज्य व्यवस्था समितिको बैठकमा गृहन्त्री बालकृष्ण खाणलगायत। | मधेस प्रदेशको नकपुरधाममा आयोजित प्रदेश गृहमन्त्रीहरुको भेला।

उक्त व्यवस्थाले प्रदेश प्रहरीको भूमिका खुम्च्याएको र संविधानको अनूसूचीविपरीत हुने भनी समितिका सदस्यहरूबाट संशोधन प्रस्ताव आएको थियो। गृहमन्त्री खाण र गृहसचिव टेकनारायण पाण्डे उपस्थित समितिको बैठकले उपत्यकाको सुरक्षाका सन्दर्भमा आएको संशोधन प्रस्तावको उक्त दफामा प्रदेश प्रहरीसँगको समन्वय रहने गरी बुँदा थप गरेर पास गर्ने सहमति जुटाएको समितिकी सचिव बबिता मिश्रले बताइन्। त्यस्तै, अध्यागमनको कार्य नेपाल प्रहरीबाट नै हुनुपर्ने गरी विधेयक पास गरिएको सचिव मिश्रले बताइन्।

- संविधानले दिएको अधिकार कार्यान्वयन गर्न संघीय सरकारले आनाकानी गरेको आरोप
- संविधानविपरीत प्रदेशको अधिकार खोसिए संयुक्त आन्दोलन गर्ने चेतावनी
- जिल्ला प्रशासन कार्यालय र प्रमुख जिल्ला अधिकारीहरूलाई समेत प्रदेश मातहत ल्याउन माग

बैठकमा गृहमन्त्री बालकृष्ण खाणले गम्भीरतापूर्वक उपत्यकाको दायित्व निर्वाह गर्नुपर्ने भएकाले नै उक्त संशोधन ल्याइएको बताएका थिए। उनले संशोधनलाई पूर्ववर्ती सरकारले अघि बढाएको र अहिलेको सरकारले समेत निरन्तरता दिएको स्पष्ट पारे। अहिले उक्त व्यवस्था अध्यादेशको रूपमा कार्यान्वयनमा रहेको मन्त्री खाणको भनाइ छ।

छलफलमा नेकपा माओवादीका सांसदहरूले राजधानीको सुरक्षाका विषयमा प्रदेश प्रहरीको अधिकार कटौती हुन नहुने बताएका थिए भने एमाले र कांग्रेसका सांसदहरूले उपत्यकाको सुरक्षाको जिम्मा नेपाल प्रहरीले नै गर्नुपर्ने गरी ल्याइएको संशोधनप्रति समर्थन जनाएका थिए। माओवादी केन्द्रका सांसदहरू यशोदा गुरुङ सुवेदी, रेखा शर्मा र शक्तिबहादुर बस्नेतले उपत्यकाको सुरक्षा नेपाल प्रहरीले हेर्ने तर, प्रदेश प्रहरीको पनि भूमिका रहनेगरी विधेयक अघि बढाउनुपर्ने धारणा राखेका थिए। उनीहरूले त्यसरी अघि नबढाइए समितिमा आफूहरूको फरक मत रहने जानकारी गराएका थिए।

एमाले सांसदहरू मोहन पाण्डे, खेम लोहनी, खगराज अधिकारी, नवराज सिलवाल, प्रेम सुवाल, झपटबहादुर रावल, विजय सुब्बाले उपत्यकाको सुरक्षाको जिम्मा नेपाल प्रहरीले नै गर्नुपर्ने गरी ल्याइएको संशोधन विधेयक नै उपयुक्त हुने धारणा बैठकमा राखेका थिए। बैठकमा सबै सांसदहरूको धारणा आएपछि गृहसचिव पाण्डेले 'प्रदेशको पनि समन्वय रहनेगरी' भन्ने बुँदा थप गरेर अघि बढाउने जानकारी गराएका थिए। यसपछि समितिका सभापति मुकुन्द न्यौपानेले सोहीअनुसार बुँदा थप गरेर विधेयक अघि बढाइने विषय समितिबाट पास भएको जानकारी गराए।

**आन्दोलनमा उत्रिने ६ प्रदेशको चेतावनी**

यता, छ प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्रीहरूले भने काठमाडौं उपत्यकाका तीनवटै जिल्लाको शान्ति सुरक्षाको जिम्मा संघीय सरकारले लिने व्यवस्था संविधानविपरीत हुने भन्दै कानुनमा उक्त व्यवस्था नगर्न माग गरेका छन्। तत्काल प्रहरी समायोजन ऐन कार्यान्वयन नभए संघीय सरकारविरुद्ध (बाँकी पृष्ठ ३ मा)

सन्दर्भ : वैदेशिक रोजगार

## पुन:एकीकरण निर्देशिका मन्त्रिपरिषद्बाट स्वीकृत

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले 'वैदेशिक रोजगारी पुन:एकीकरण कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७९' स्वीकृत गरेको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सात महिना अगाडि पेस गरेको उक्त निर्देशिका बुधबार बसेको मन्त्रिपरिषद् बैठकले स्वीकृत गरेको हो।

वैदेशिक रोजगार बोर्डले निर्देशिका तयार पारी २०७६ सालमै श्रम मन्त्रालयमा पठाएको थियो। बोर्डले कार्यविधि बनाएर मन्त्रालयमा पेस गरेको निर्देशिकाको मस्यौदालाई मन्त्रालयले स्वीकृत मन्त्रिपरिषद्मा लगेको थियो। श्रम गन्तव्य मुलुकबाट फर्केका कामदारलाई तत्काल पुन:स्थापना तथा स्वरोजगार बनाउने योजनाअन्तर्गत बोर्डले निर्देशिका तयार पारेको थियो।

बोर्डले निर्माण गरेका कार्यक्रममा विभिन्न कारणले विदेशबाट रोजगारी गुमाएर स्वदेश फर्केका श्रमिकलक्षित स्वरोजगारमूलक पुन:एकीकरण कार्यक्रम पहिलो चरण सञ्चालन गर्न भनिएको थियो। तीन वर्षको अन्तरालमा निर्देशिका स्वीकृत भएपछि कार्यान्वयनमा आएको बोर्डले जनाएको छ। अब सोही निर्देशिकाअनुसार स्थानीय तहसम्म पुन:एकीकरणको कार्यक्रम सञ्चालन हुने बोर्डले जनाएको छ। अब आगामी आर्थिक वर्षदेखि निर्देशिकाअनुसार कार्यक्रम सञ्चालन हुनेछ।

**यी हुन् निर्देशिकामा रहेका मुख्य बुँदाहरू:**

मन्त्रिपरिषद्बाट स्वीकृत भएको निर्देशिकामा वैदेशिक रोजगारमा अलपत्र परेका कामदारको उद्धार र गम्भीर प्रकृतिको बिरामीसमेतलाई लक्षित गरी सहयोग गर्ने उल्लेख छ। नेपाल फर्किएका कामदारहरूलाई मनोपरामर्शसहितको स्वरोजगार तथा उद्यमशीलता कार्यक्रमका लागि प्राविधिक सहयोग गर्ने, वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्याका कारण स्वदेश फर्किएका कामदारलाई वैदेशिक रोजगार कल्याणकारी कोषको आर्थिक क्षमता अनुसार पुन:एकीकरण कार्यक्रम सञ्चालनमा ल्याइने बताइएको छ।

यसैगरी सरकारले विदेशबाट फर्किएका कामदारलाई उद्यमी बन्न प्रेरित गराउन र रोजगार सिर्जनाका लागि आर्थिक सहयोग गर्ने, वैदेशिक रोजगारीबाट फर्केका कामदारले विदेशमा सिकेका सीपको अभिलेख राख्ने, सीप परीक्षण गराउने काम पनि अब निर्देशिकाअनुसार नै हुने उल्लेख गरिएको छ। कामदारको सीप परीक्षणबापत शुल्क शोधभर्ना दिने, वैदेशिक रोजगारबाट फर्किएकाहरूका लागि नि:शुल्क सीपमूलक तालिम सञ्चालन गर्ने, वैदेशिक रोजगारबाट फर्किएका कामदारहरूलाई वित्तीय साक्षरता तालिम सञ्चालन गर्नेलगायतका नीतिगत विषयसमेत समेटिएको छ।

## वैदेशिक रोजगारमा रहेकालाई पनि कोषमा समेटिने

■ प्रभाव संवाददाता

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शेरबहादुर कुँवरले सामाजिक सुरक्षाको दायरा बढाउँदै लैजाने बताएका छन्। तराई विकास तथा सञ्चार केन्द्रले राजधानीमा बिहीबार आयोजना गरेको कार्यक्रममा उनले अनौपचारिक, स्वरोजगार तथा वैदेशिक रोजगारमा रहेका नेपालीलाई पनि सामाजिक सुरक्षाको दायरामा समेटिने उल्लेख गरे।




मन्त्री कुँवरले सामाजिक सुरक्षा कोषले प्रदान गर्ने सुविधालाई बढाउँदै लैजाने पनि बताए। उनले श्रमिकलाई न्याय मिल्नेगरी सामाजिक सुरक्षा कोषलाई सरल, सहज र बहुआयामिक बनाउन आफूले पहल गर्ने जानकारी दिए।

देशका दक्ष युवाहरू रोजगारीका लागि विदेशिने भएकाले उनीहरूलाई पनि सामाजिक सुरक्षाको दायरामा समेट्ने मन्त्री कुँवरको भनाइ छ। वैदेशिक रोजगारीमा जाने श्रमिकलाई सामाजिक सुरक्षा कोषमा समेट्न कानुनी अड्चन हटाउन पहल भइरहेको उनले बताए। उनले वैदेशिक रोजगारीमा पसिना बगाउने कामदारको मूल्य र सुरक्षाको लागि सरकारले विभिन्न निकायसँग पहल गरेर काम गर्ने प्रतिबद्धता व्यक्त गरे।

श्रम मन्त्रालयका सचिव एकनारायण अर्यालले वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई पनि कोषमा आबद्ध गराउने र वैदेशिक रोजगारीबाट फर्केका युवालाई उद्यमी बनाउन कोषले सहुलियतपूर्ण कर्जा प्रवाह गर्ने बताए। कोषले आगामी भदौ १ गतेदेखि योगदानकर्तालाई विभिन्न शीर्षकमा कर्जा प्रवाह गर्ने जनाएको छ। पछिल्लो समय ४५ लाख युवाहरू वैदेशिक रोजगारीमा भएको जानकारी दिँदै अर्यालले उनीहरूलाई समेत सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन सरकार र श्रम मन्त्रालय सक्रिय भएर लागेको जानकारी दिए।

कोषमा हालसम्म १९ अर्ब ६२ करोड रूपैयाँ योगदान रकम जम्मा भएको बताइएको छ। कोषका कार्यकारी निर्देशक कपिलमणि ज्ञवालीले श्रमिकको जीवनमा आइपर्ने जोखिम कम गर्न कोषले अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना अघि सारेको जानकारी दिए। हालसम्म कोषमा तीन लाख ४४ हजार २४८ योगदानकर्ता र १७ हजार १५६ रोजगारदाता कोषमा आबद्ध भइसकेको कोषले जनाएको छ। कोषले आगामी आवदेखि अनौपचारिक र स्वरोजगार क्षेत्रका श्रमिकलाई पनि कोषको दायरामा ल्याउने गरी कार्यविधि निर्माण गरिरहेको ज्ञावलीले जानकारी दिए।

कोषले हाल योगदानकर्तालाई चार प्रकारका सुविधा दिँदै आएको छ। योगदानकर्ताले कोषबाट औषधोपचार, स्वास्थ्य तथा मातृत्व सुविधा, दुर्घटना तथा अशक्तता सुविधा, आश्रित परिवार सुविधा र अवकाश सुविधाबापत आर्थिक सहयोग प्राप्त गर्दै आएका छन्।



# फुटपाथमा व्यापार गर्न नदिने कामपाको अडान

## सडक व्यापारी भन्छन्– फुटपाथको विकल्प देऊ

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले फुटपाथ (सडकपेटी)मा कुनै पनि किसिमको व्यापार व्यवसाय सञ्चालन गर्न नपाइने स्पष्ट पारेको छ । महानगरको नीतिअनुरूप कुनै पनि समयमा सडकको किनारामा खाद्यलगायतका विभिन्न सामग्रीको बिक्री वितरण गर्न नपाइने महानगरले जएको हो ।

नगर प्रहरी प्रमुख धनपति सापकोटाले महानगरले नगर प्रहरीलाई दिएकोमध्ये पहिलो जिम्मेवारी नै फुटपाथ व्यवस्थापन भएको बताए । उनले भने, 'सडकपेटी पैदलयात्रु हिँड्नका लागि हो, व्यवसाय गर्नका लागि बनाइएको होइन, त्यसैले अटेर गरी सडकपेटीमा पसल राख्नेलाई उठाइएको हो, अटेर गर्नेकै सामान जफत गरेको हो ।'

एक महिनाअघि निर्वाचित भएका महानगर प्रमुख बालेन्द्र शाहले उम्मेदवारी घोषणाकै क्रममा फुटपाथ व्यवसायलाई व्यवस्थित गर्ने बताएको उनले स्मरण गराए । महानगरले आगामी आर्थिक वर्षका लागि यही असार ८ गते नगरसभाबाट पास गरेको नीति तथा कार्यक्रममा पनि फुटपाथ व्यवसायलाई नियन्त्रण गर्ने उल्लेख छ ।

'महानगरको कार्यपालिका बैठकको निर्णयानुसार हामीले काम अगाडि बढाएका हौं, यसमा विरोध गर्नुपर्ने विषय नै छैन, कार्यपालिकाको निर्णयमा काम गर्दा किन विरोध गर्नु, यसलाई नियन्त्रण गर्नका लागि सडकपेटी प्रयोग गरी राखेको व्यवसायलाई करको दायरामा आउने गरी रूपान्तरण गर्नु हाम्रो दायित्व हो,' सापकोटाले भने ।

काम गर्दा आलोचना आउनु स्वाभाविक भएको उल्लेख गर्दै उनले सडक अतिक्रमणलाई नियन्त्रणा गर्ने काम महानगरले गरेको बताए । अतिक्रमण नियन्त्रण गर्दा एक पक्षलाई मर्का पर्ने र मर्का परेका पक्षबाट विभिन्न किसिमका नकारात्मक टीकाटिप्पणी हुनुलाई आफूले स्वाभाविकरूपमा लिएको उनको भनाइ छ । फुटपाथ व्यवस्थापनको काम आमनागरिकको हितका लागि गरिएको प्रमुख सापकोटाले बताए ।

'सडकपेटी प्रयोग गरेर व्यवसाय सञ्चालन गर्ने काम कुनै पनि बहानामा सकारात्मक होइन, महानगरको नीतिमा २४ घण्टा फुटपाथमा व्यापार गर्न पाइने छैन, यदि कतै भएको छ भने त्यो महानगरको आँखा छलेर भएको हो, आगामी दिनमा ती सबैलाई कानुनी दायरामा ल्याउने प्रयास महानगरको रहन्छ,' उनले भने ।

फुटपाथ व्यवस्थापनका हिसाबले अहिले मानिसको आवागमन बढी हुने साँझ बिहानको समय भएकाले नगर प्रहरी त्यो नियन्त्रण गर्न केन्द्रित भएको उनले बताए । सडक किनारामा मकै पोलेर बिक्री गर्दै आएका दम्पतीलाई नगर प्रहरीले लछारपछार गर्दै सामान जफत गरेको भिडियो सामाजिक सञ्जालमा आएपछि महानगरपालिका केही आलोचित भएको थियो ।

उक्त घटनाको स्मरण गराउँदै उनले भने, 'साँझ बिहान केही त्यस्ता स्थानमा हामीले छाड्ने गरेका छौं, तर त्यो पनि महानगरको नीतिमा पर्दैन, केही दिनअघिको घटनाको सन्दर्भ भने दिउँसोको हो, त्यो त हामीले छाड्ने कुरै भएन ।' महानगरले अहिले दैनिक चार टोली खटाएर अतिक्रमण नियन्त्रणको काम गरिरहेको बताइएको छ । अहिले बढी मात्रामा सडक अतिक्रमण हुने स्थान सुन्धारा, न्युरोड, बानेश्वर, कोटेश्वर, गौशाला, चाबहिल, नयाँ बसपार्क, बालाजु, कलंकी, कालीमाटीलगायत छन् ।

महानगरले पटक-पटक सूचना जारी गर्ने, माइकिङ गर्ने काम गर्दा पनि अटेरी गरेपछि कामपा निरीह बन्नुपरेको उनी बताउँछन् । पटक-पटकको आग्रहलाई बेवास्ता गरेपछि महानगरले सामग्री जफत गर्नुपरेको जनाइएको छ ।

**जफत गरिएका सामग्री लिलाम**

सडकमा व्यवसाय गर्नेबाट जफत गरिएका सामान लिलामी प्रक्रियामा जाने गरेको महानगरले जनाएको छ । सड्ने, गल्ने खाद्यवस्तु तथा तरकारी-फलफूल र प्रज्ज्वलनशील पदार्थलगायत सामानको भने जरिवाना तिराएर तत्काल सम्बन्धित व्यवसायीलाई नै फिर्ता गर्ने गरिएको र नबिग्रने सामग्रीको मात्र लिलाम गर्ने गरिएको छ ।

चालु आवमा १५ लाख रूपैयाँ बराबरको सामग्री लिलाम प्रक्रिया अघि बढाइएको छ । गत आवमा ५२ लाख रूपैयाँ बराबरका सामान लिलाम गरिएको थियो । प्रमुख सापकोटाका अनुसार त्यसमा फलामजन्य, होर्डिङ बोर्ड, पाइप, साइकल र ठेलागाडालगायतका सामान रहेका थिए । यसरी लिलाम गरेर असुल भएको रकम महानगरको कोषमा जम्मा हुने गरेको बताइएको छ ।

**'फुटपाथको विकल्प चाहिन्छ'**

महानगरले नीतिको कुरा गरिरहँदा सडकमा नै व्यापार गरेर गुजारा गरिरहेका परिवारको व्यथा भिन्न छ । विगत १० वर्षदेखि सुन्धारको सडकमा कपडाको व्यापार गर्ने रामेछापकी ५३ वर्षीया मनमाया पौड्यालले सडक व्यापारले तीन जनाको परिवारलाई लालनपालन र छोराछोरीलाई पठनपाठन गरिरहेका छन् । अहिले परिस्थिति बदलिएपछि कतिबेला नगर प्रहरी आएर सामग्री जफत गर्ने हो पत्तो नै नभएको उनी बताउँछिन् ।

'गाउँ छोडेको १५ वर्ष भयो, छोराछोरी ठूला भइसके, पुनः गाउँ जानका लागि छोराछोरी मान्दैनन्, आगामी दिनमा छोराछोरीको सहरमा बस्ने रहर पूरा गर्न कठिन छ,' उनले भनिन् । फुटपाथमा व्यापार नगर भनिरहँदा महानगरले अन्य विकल्प खोजिदिनुपर्ने मनमायाको भनाइ छ ।

सत्र वर्षदेखि डल्लुपुलको मुखमा फलफूलको व्यापार गर्दै आएका रामजनम मिश्रको समस्या पनि मनमायाको भन्दा फरक छैन । उनको पनि फलफूलको टोकरी नगर प्रहरीले जफत गरेको धेरै पटक भइसक्यो । उनले पटक-पटक जफत गरिएको सामानको जरिवाना तिर्दै फिर्ता ल्याउने गरेका छन् । फलफूलको व्यापार गरेकै भरका रामजनमले चार छोराछोरीसहित छ जनाको परिवार पाल्दै आएका छन् । आगामी दिनमा पनि फलफूलको टोकरी जफत भए आफ्नो छ जनाको परिवारको गाँस टुट्ने भन्दै व्यापार गर्नका लागि अन्य वैकल्पिक स्थानको उनले माग गरेका छन् ।

महानगरले भने तत्कालका लागि उनीहरूका लागि अन्य कुनै निश्चित समय वा ठाउँ दिने अवस्था नरहेको र फुटपाथ व्यवसाय व्यवस्थित गर्न नियन्त्रण गर्नेबाहेक अरू विकल्प नभएको जनाएको छ ।

## 'कर्णालीमा पाठ्यपुस्तक तत्काल पुऱ्याऊ'

**काठमाडौं (प्रस)–** कर्णाली प्रदेशका बालबालिकालाई तत्काल पाठ्यपुस्तक उपलब्ध गराउन माग गरिएको छ । राष्ट्रिय सभाको बिहीबारको बैठकको शून्य समयमा बोल्दै सांसद दुर्गा गुरुङले कर्णालीमा अझै पनि बालबालिकाले पाठ्यपुस्तक नपाएको बताउँदै तत्काल पाठ्यपुस्तक उपलब्ध गराउन माग गरिन् । 'कर्णालीका बालबालिकाले अझै पूर्णरूपमा पाठ्यपुस्तक पाउन सकेका छैनन्,' उनले भनिन्, 'त्यसैले तत्काल पाठ्यपुस्तक उपलब्ध गराइयोस् भनी माग गर्दछु ।' यस्तै उनले सुर्खेत नगरपालिकाका १६ वटै वडामा पक्की सडक बन्न नसकेको, पटक-पटक बिजुली जाने समस्या रहेको भन्दै यी विषयहरूप्रति सरकारको ध्यानाकर्षण गराइन् । सांसद गुरुङले कर्णाली प्रदेशलाई प्राथमिकतामा राखेर मल वितरण गर्न सरकारको ध्यानाकर्षण गराइन् ।


### युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FALKEN FLEET DELIVERY SERVICES L.L.C.

पूर्व स्वीकृति मिति २०७९/०३/२३ LT. No. :266782 चलानी नं.६०१८२७५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Motorcyclist | 25 | 0 | 2000 | ६९,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: असार ३१ गते (15th July. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२८६/०७४/०७५

**Fishtail Overseas Pvt. Ltd.**

Tokha-10,Samakhusi, Kathmandu, Nepal Tel : +977-1-4386382, 4389757
Email: infofishtailjobs.com, Web: www.fishtailjobs.com

### कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : QATAR MEAT PRODUCTION CO

पूर्व स्वीकृति मिति २०७८/०८/०१ पून विज्ञापन स्वीकृति मिति २०७९/०३/२३ LT. No.250981 चलानी नं.६०१६७८९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 2 | 0 | 1900 | ६६,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | PACKING WORKER | 10 | 0 | 1000 | ३४,७९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालयमा मिति: असार ३१ गते (15th July 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.** श्रम ईजाजत नं. १०१८/०६८/०६९

Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015542013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com

### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FARAH CUP CAFE TO SERVE DRINKS

पूर्व स्वीकृति मिति : २०७९/०३/२३ LT. No.266796 चलानी नं.६०१८१९१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 1 | 0 | 1200 | ४०,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Food & Beverage Counter Worker | 1 | 0 | 1200 | ४०,६०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौं, मिति: असार ३१ गते (15th July. 2022) at 9:00 A.M. मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत न ७९७/०६५/०६६

**Saudi Nepal Recruitment Agency Pvt.Ltd.**

Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal
Tel.+977-01-4720350, 4720849, 5908112
E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com

### कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : IRIS FLOWER

पूर्व स्वीकृति मिति : २०७९/०३/२३ LT. No. 266862 चलानी नं.६०१८२७७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 0 | 1 | 1100 | ३४,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा असार ३१ गते (15th July. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०

**Supreme Overseas Pvt. Ltd.**

Koteshwor-35, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 97411877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np

### कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HH THE EMIR FATHER PRIVATE OFFICE

पूर्व स्वीकृति मिति : २०७८/०८/२५ पून विज्ञापन स्वीकृति मिति : २०७९/०३/२३ LT. No. :235452 चलानी नं. :६०१५८३२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver (Light) | 2 | 0 | 1700 | ५९,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | FARMER | 101 | 0 | 1000 | ३४,७९० | | | | | | | |
| 3 | SHEPHERD | 5 | 0 | 1300 | ४५,७२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: असार ३१ गते (15th July 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.** Govt. License 852/066/067

Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4426852
Email: graceoverseasuj@gmail.com, Web: www.graceoverseas.com.np

### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Rahal International For Perfumes and Cosmetics Factory

पूर्व स्वीकृति मिति २०७९/०३/२३ LT. No.266848 चलानी नं. ६०१८९६८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Labor | 4 | 0 | 1000 | ३३,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labor | 1 | 0 | 1000 | ३३,७४० | | | | | | | |

अन्तरवार्ता संस्थाको कार्यालयमा काठमाडौंमा असार ३१ गते (15th July 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Honesty Overseas Pvt.Ltd.**

श्रम ईजाजत नं. १०००/०६८/०६९

Basundhara Chowki-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np

### कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MEERQAT COMPANY

पूर्व स्वीकृति मिति २०७९/०३/२३ LT. No. : 266911 चलानी नं. ६०१८२७४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 1 | 0 | 1000 | ३४,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : HIMALAYAN RESTAURANT

पूर्व स्वीकृति मिति २०७९/०३/२३ LT. No. : 266912 चलानी नं. ६०१८२७४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 2 | 0 | 1400 | ४८,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: असार ३१ गते (15th July. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**The Center Overseas Concern Pvt.Ltd** श्रम ईजाजत नं. ०६५/०६३/०६४

Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KHALED ABDULLAH AL-ZUNAIDI CONTRACTING EST

पूर्व स्वीकृति मिति :२०७९/०३/२३ LT. No. 266919 चलानी नं.६०१८२८१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 1 | 0 | 1000 | ३३,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : MIRAQE GATEWAY COFFEE LTD.

पूर्व स्वीकृति मिति २०७८/०३/२१ पुन विज्ञापन स्वीकृति मिति २०७९/०३/२३ LT. No. 240857 चलानी नं. ६०१५२१३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Main Food Provider. | 2 | 0 | 1200 | ४०,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा असार ३१ गते (15th July 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Emerald Isle Nepal Pvt. Ltd.** (GULMI OVERSEAS PVT LTD)

श्रम ईजाजत नं. ११०८/०७३/०७४

Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-4488542/4489323
Email:- emeraldislenepal@gmail.com, info@einepal.comSS

# अन्तर्राष्ट्रिय सीमा सुरक्षा तथा व्यवस्थापनसम्बन्धी सेमिनार

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालको अन्तर्राष्ट्रिय सीमा सुरक्षा तथा व्यवस्थापनलाई सुदृढीकरण गर्नका निमित्त समन्वयका क्षेत्रहरू पहिचान गरी कार्यान्वयनमा सहजता ल्याउने उद्देश्यका साथ 'नेपालको अन्तर ार्ष्ट्रिय सीमा सुरक्षा तथा व्यवस्थापनको वर्तमान अवस्था र सुरक्षाका क्षेत्रहरू' विषयक दुई दिवसीय सेमिनार सम्पन्न भएको छ ।

नेपाल सरकारका सरोकारवाला मन्त्रालय, विभाग तथा अन्य सुरक्षा निकायका प्रतिनिधिहरूलाई सहभागी गराई नेपाली सेना, सीमा अनुगमन तथा सर्भे निर्देशनालयले आयोजना गरेको सो दुई दिवसीय सेमिनार कार्यक्रममा प्रधान सेनापति महारथी शर्माले, नेपाली सेनाले सदैव नेपाल सरकारको आदेश-निर्देशनमा कठिनता वा प्रतिकुलतालाई वेवास्ता गर्दै, नितान्त राष्ट्र सेवा प्रतिको समर्पणद्वारा अभिप्रेरित भई कार्य गर्ने गरेको जानकारी गराए । उनले नेपाली सेनालाई प्राप्त जिम्मेवारीहरू मध्य सीमा सुरक्षाको विषयलाई निरन्तर अध्ययन तथा अनुसन्धान गर्दै आईरहेको बताए । उनले समस्या जस्तोसुकै विकराल र जटिल भएतापनि राष्ट्रको सुरक्षा अवस्था सुदृढ तुल्याउन सीमा क्षेत्रमा हुने अवान्छनिय गतिबिधिको निगरानी तथा नियन्त्रण गर्न सम्बद्ध सबै पक्ष चनाखो भई प्रयासरत रहनुको विकल्प नभएकोले सबै सम्बद्ध निकायहरूबिच निरन्तर समन्वय र सहकार्य अपरिहार्य रहेको समेत जानकारी गराए ।

बुधबारबाट शुरु भएको उक्त सेमिनारलाई उद्घाटन गर्दै रक्षा सचिव किरणराज शर्माले, सीमा सुरक्षा तथा व्यवस्थापनको पक्षबाट समग्र राष्ट्रिय सुरक्षा सुदृढीकरण कार्यका लागी नेपाल सरकारका सम्वद्ध विभिन्न निकायहरू बीच पारस्परिक समन्वय र सहकार्य अपरिहार्य रहेको बताए । आगामी दिनहरूमा सीमा सुरक्षालाई प्रविधिमैत्री र आधुनिक भौतिक पूर्वाधारको व्यवस्थापन गर्ने नीति अन्तर्गत आवश्यक कदमहरू अघि सारेको उनले बताए ।



उक्त दुई दिवसीय सेमिनारको दौरान नेपालको अन्तर्राष्ट्रिय सिमानाको वर्तमान अवस्था, सीमा सुरक्षा र व्यवस्थापनमा देखिएका चुनौती तथा सुधारका क्षेत्रहरू; नेपालको अन्तर्राष्ट्रिय सिमानामा हुने अवैध गतिविधि र सोको निराकरणका उपायहरू, सीमा सुरक्षामा नेपाली सेनाको जिम्मेवारी तथा एकिकृत सीमा सुरक्षा अवधारणाको आवश्यकता, सीमा सुरक्षा तथा व्यवस्थापनमा राष्ट्रिय अनुसन्धान विभागको जिम्मेवारी एवं भूमिका र सीमा सुरक्षामा दिर्घकालिन रूपमा खलल पुऱ्याउने विषय तथा नियन्त्रणका उपायहरू, राष्ट्रिय सुरक्षा नीतिको प्रभावकारी कार्यान्वयनमा सीमा व्यवस्थापन, वर्तमान अवस्था र भावी कार्यदिशा, नेपालको सीमा विवाद समाधानका लागि भइरहेको कुटनीतिक पहल र आगामी कार्य योजना, नेपालको अन्तर्राष्ट्रिय सिमानाको सिमांकन सम्बन्धी प्राविधिक पक्ष लगायतका विषयहरूमा प्रस्तुतीकरण, प्रतिक्रिया तथा छलफल संचालन भएको थियो ।

नेपालको अन्तर्राष्ट्रिय सीमा सुरक्षा तथा व्यवस्थापनका चुनौतीहरू पहिचान गर्न, नेपालको अन्तर्राष्ट्रिय सीमामा हुने गरेका विभिन्न अवैध गतिविधिहरू नियन्त्रण गर्न तथा सीमा सुरक्षाका लागि नविनतम योजनाहरू तयार गरी कार्यान्वयनमा ल्याउन यस प्रकारका सेमिनारहरू प्रभावकारी सावित हुने विश्वास नेपाली सेनाले लिएको छ ।

## उपत्यकाको सुरक्षा...

पृष्ठ १ बाट जारी

संयुक्तरूपमा कडा कदम चाल्न बाध्य हुनेसमेत उनीहरूको चेतावनी छ ।

बिहीबार मधेस प्रदेश सरकारको गृह तथा सञ्चार मन्त्रालयले जनकपुरधाममा आयोजना गरेको शान्ति सुरक्षा तथा विपद् व्यवस्थापनसम्बन्धी अन्तरप्रदेश अनुभव आदानप्रदान कार्यक्रममा छ प्रदेशका मन्त्रीहरूले यस्तो चेतावनी दिएका हुन् । मधेस प्रदेशका गृह तथा सञ्चारमन्त्री भरतप्रसाद साहले सातवटै प्रदेश गोलबद्ध भएर चरणबद्ध आन्दोलन गर्ने चेतावनी दिए । उनले आफूहरूको शान्तिपूर्ण तरिकाबाट संघीय सरकारले प्रहरी समायोजन गरी माग सम्बोधन नगरे संघ सरकारका सुरक्षाकर्मीलाई चौकी-चौकीबाट बाहिर निकालिदिने चेतावनीसमेत दिए ।

प्रदेश १ का आन्तरिक मामिला तथा कानुनमन्त्री केदार कार्कीले संविधानले दिएको अधिकार कार्यान्वयन गर्न संघीय सरकारले आनाकानी गरेको भन्दै एकमत भएर अघि बढ्नुको विकल्प नरहेको बताए । बागमती प्रदेश सरकारका आन्तरिक मामिलामन्त्री कृष्णप्रसाद खनालले संविधान जारी भएअनुसार नै कार्यान्वयनमा अवरोध गर्नेलाई धरातल देखाइदिने चेतावनी दिए ।

संघीय सरकारले प्रहरी समायोजन ऐन कार्यान्वयन गर्न नचाहेकाले प्रदेशका जनतालाई शान्ति सुरक्षाको प्रत्याभूति दिलाउन नसकेको मन्त्रीहरूको गुनासो छ । छ वटा प्रदेशका मन्त्रीहरूको भेलाबाट सात बुँदे जनकपुरधाम घोषणापत्रसमेत जारी गरिएको छ । भेलामा कर्णाली प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री भने सहभागी भएनन् ।

घोषणापत्रमा उपत्यकाका जिल्ला प्रहरी कार्यालय र मातहतका प्रहरी कार्यालय संघीय गृह मन्त्रालय मातहत राख्ने गरी प्रस्तावित प्रहरी ऐन संशोधनको कार्य संविधानविपरीत भएको भन्दै उक्त निर्णय फिर्ता लिन माग गरिएको छ ।

'काठमाडौं उपत्यकाका तीन जिल्लाको शान्ति सुरक्षाको जिम्मा संघले लिई तीनवटै जिल्ला प्रहरी कार्यालय र मातहतको प्रहरी कार्यालय संघको गृह मन्त्रालय मातहत राख्नेगरी प्रस्तावित प्रहरी ऐन संशोधनको कार्य संविधानको अनुसूची ६ विपरीत भएकाले उक्त कार्य तत्काल रोकी १३ वटै जिल्लाको शान्ति, सुरक्षाको जिम्मा प्रदेश सरकार मातहत हुनुपर्ने,' संयुक्त घोषणापत्रमा भनिएको छ । जिल्ला प्रशासन कार्यालय र प्रमुख जिल्ला अधिकारीहरूलाई समेत प्रदेश मातहत ल्याउन प्रदेशका गृहमन्त्रीहरूको माग छ ।

### लुम्बिनीको नेतृत्व एआइजीले गर्ने

लुम्बिनी प्रदेश सरकारले प्रदेश प्रहरीको नेतृत्व प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) ले गर्ने गरी प्रदेश प्रहरी ऐन ल्याएको छ । उक्त ऐन प्रदेशसभाबाट पारितसमेत भइसकेको छ ।

ऐनले प्रहरी नायब महानिरीक्षक (डिआइजी) र प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) बढुवा प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा गर्ने व्यवस्था गरेको छ । त्यस्तै, प्रहरी उपरीक्षक (एसपी), प्रहरी नायब उपरीक्षक (डिएसपी) र प्रहरी निरीक्षक (इन्स्पेक्टर) बढुवा आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयले गर्न पाउने व्यवस्था गरिएको छ । प्रहरी वरिष्ठ नायब निरीक्षक, प्रहरी नायब निरीक्षक, प्रहरी सहायक निरीक्षक, प्रहरी वरिष्ठ हवल्दार, प्रहरी हवल्दारलाई प्रदेश प्रहरी प्रमुखले खुला प्रतियोगिताबाट भर्ना वा बढुवा गर्न पाउने ऐनमा उल्लेख छ ।

ऐनअनुसार प्रहरी सहायक हवल्दार र प्रहरी जवान एसएसपी वा डिएसपीले नियुक्त गर्न पाउने छन् । प्रहरी कार्यालय सहयोगी पदका लागि कम्तीमा प्रहरी नायब उपरीक्षक दर्जाको कार्यालय प्रमुखले नियुक्ति दिनसक्ने अधिकार ऐनमा गरिएको छ । ऐनअनुसार प्रहरी नायब उपरीक्षक वा सोभन्दा माथिको तहका पदहरूमा प्रदेश सरकारले बढुवामार्फत् पदपूर्ति गर्नेछ । प्रहरी निरीक्षक (इन्स्पेक्टर) र प्रहरी सहायक निरीक्षकमा (असई) खुला प्रतिस्पर्धाबाट ७० प्रतिशत र बाँकी ३० प्रतिशत पद बढुवामार्फत् गर्नसक्ने ऐनमा व्यवस्था गरिएको छ ।

प्रहरी वरिष्ठ नायब निरीक्षक र प्रहरी नायब निरीक्षक, प्रहरी वरिष्ठ हवल्दार, प्रहरी हवल्दार, प्रहरी सहायक हवल्दार शतप्रतिशत बढुवाबाट पदपूर्ति गर्ने भनिएको छ । प्रदेशमा प्रहरी सेवालाई समावेशी बनाउन महिला ३३, आदिवासी जनजाति १५, थारु १४, दलित १४, मधेसी १०, विपन्न खस आर्य ६, मुस्लिम ५ र द्वन्द्वपीडित ३ प्रतिशत रहनेगरी समावेशी समूह राखिएको छ ।

प्रदेश प्रहरी सेवामा भर्ना, छनोट तथा रिक्त पदपूर्तिका लागि प्रदेश लोकसेवा आयोगका अध्यक्ष वा आयोगले तोकेको सदस्य अध्यक्ष रहने गरी पाँच सदस्यीय पदपूर्ति समिति गठन गर्ने व्यवस्था गरिएको छ । समितिका सदस्यहरूमा आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय, प्रदेश प्रहरी प्रमुख, मन्त्रालयको सुरक्षा महाशाखा प्रमुख र प्रदेश प्रहरी प्रधान कार्यालयका सम्बन्धित महाशाखा प्रमुख सदस्यसचिव रहने व्यवस्था छ ।

# चितवनमा हैजाको जोखिम

**चितवन–** संघीय राजधानी काठमाडौं र बागमती प्रदेशको राजधानी हेटौंडामा हैजाको संक्रमण देखिएपछि चितवन उच्च जोखिममा परेको छ । यी दुवै ठाउँमा यहाँका बासिन्दाको दैनिक ओहोरदोहोर हुने भएकाले जोखिम बढेको हो । यससँगै हेटौंडाका अधिकांश बिरामी उपचारका लागि चितवन आउने गर्दछन् ।

भरतपुरको सहरी क्षेत्रमा बर्सातको समयमा डुबान हुने हुँदा यहाँको पानीमा जुनसुकै बेला प्रदूषण हुनसक्ने उच्च जोखिम छ । यससँगै यहाँका सरोकारवालाले हैजाबाट बच्न खानपानमा विशेष ध्यान दिन आग्रह गरेका छन् । भरतपुर अस्पतालका फिजिसियन डा प्रमोद पौडेल मुख्यरूपमा शुद्ध पानी पिउन सुझाव दिन्छन् । उनको भनाइमा पानी निर्मलीकरण गरेर पिएमा संक्रमण फैलिन पाउँदैन । शौचालय गएर फर्किएपछि साबुनपानीले राम्रोसँग हात धुन तथा फलफूल सफा पानीले राम्रोसँग धोएर खान उनले सुझाव दिए ।

पौडेलले भने, 'पानी उमालेर वा क्लोरिन हालेर मात्रै पिउनुपर्छ ।' हैजा फैलिएको क्षेत्रमा जाँदा उच्च सावधानी अपनाउनुपर्ने उनले बताए । खानेपानीको पाइपमा ढल मिसिन सक्ने भएकाले विशेष ध्यान दिनुपर्ने उनको भनाइ छ ।

लगातार पातलो चौलानीपानीजस्तो दिसा हुने, पेट दुख्ने, कसैकसैलाई ज्वरो आउने, जल वियोजन हुने, रक्तचाप घट्ने जस्ता लक्षण देखिएमा हैजा हुनसक्ने चिकित्सक बताउँछन् । यससँगै मिर्गौलामा असर गर्ने र मृत्युसमेत हुनसक्ने भएकाले रोगको लक्षण देखिएमा तत्काल चिकित्सककहाँ जान उनले सुझाए । संक्रमण पानीमार्फत फैलिन नलिन भरतपुर खानेपानी व्यवस्थापन बोर्डले विशेष ध्यान दिएको कार्यकारी निर्देशक प्रजापति दाहाल बताउँछन् । भरतपुरका डुबान भएका क्षेत्रमा जमेको पानी पाइप फुटेका ठाउँबाट भित्र जान सक्ने भन्दै विशेष निगरानी गरिएको उनले बताए । ठाउँठाउँबाट नियमितरूपमा नमूना संकलन गरी परीक्षण भइरहेको उनले जानकारी दिए ।

दुई दिनअघि जिल्ला सरसफाइ तथा स्वच्छता समिति चितवनको बैठकले पानीका स्रोत र वितरणमा विशेष ख्याल गर्ने निर्णय गरेको थियो । भरतपुर महानगरमा ९२ प्रतिशतले सरकारी तवरबाट वितरण गरिएको पानी उपभोग गर्दै आएका छन् । जिल्लामा छिमेकी जिल्लाबाट उपचारका लागि बिरामी आउने भएकाले पनि संक्रमणको जोखिम उच्च रहेको चिकित्सकको भनाइ छ । प्रमुख जिल्ला अधिकारी आस्मान तामाङले जोखिम रहने भएकाले उच्च सावधानी अपनाउन सरोकारवाला निकायलाई आग्रह गरिएको बताए । *रासस*

# बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ

**काठमाडौं (प्रस)–** बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी टोखा नगरपालिका-१० सामाखुसी बस्ने उदयपुर त्रियुगा नगरपालिका-१३ चुहाडे घर भएका ६० वर्षीय केदार गिरीलाई बिहीबार प्रहरीले पक्राउ गरेको छ ।

बैंकिङ कसूर मुद्दामा उच्च अदालत पाटनको २०७७ माघ ६ गतेको फैसलाले ७ दिन कैद र २० लाख जरिवाना ठहर भई फरार रहेका उनलाई केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगञ्जबाट खटिएको प्रहरीले ललितपुर सानेपाबाट पक्राउ गरेको हो ।

केदारले आफ्नो खातामा पर्याप्त मौज्दात रकम नभएको भन्ने जानी जानी जाहेरवालालाई झुक्यानमा पारी २०७६ कात्तिक १५ गते प्रभु बैंक लिमिटेडमा रहेको आफ्नो खाताबाट रकम भुक्तान हुने भनी दिएको चेकको रकम भुक्तान हुन नसकेको ठहर गर्दै अदालतले उक्त फैसला गरेको थियो ।

उनलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत काठमाडौंमा पेश गरिएको छ ।

## सूचना ॥ सूचना ॥ सूचना ॥ सूचना ॥

### मालपात् कार्यालय सोलुखुम्बुबाट प्रकाशित हकदावी सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

१ नं. सोलुखुम्बु जिल्ला साविक सल्यान गा.वि.स वडा नं. १ परिवर्तित नेचासल्यान गाउँपालिका वडा नं. २ बस्ने सेतु नेवारको नाति काजीमान नेवारको छोरा (ना. नं. १०२०/१९५८/२८६९ मिति २०४२/१२/२२ सोलुखुम्बु) को पुस्त बहादुर नेवारले मेरा नाममा दर्ता कायम रहेको तपशिल बमोजिमका जग्गाको श्रेस्ता कायम नरहेको र सक्कल जग्गाधनी प्रमाण पूर्जा समेत नरहेकाले फिल्डबुकका आधारका श्रेस्ता कायम गरी पाउँ भनी द नं. २२७९/०३/१४ मा निवेदन पेश गर्नु भएको हुँदा तपशिल बमोजिमका जग्गाहरू कोही कसैलाई लिखत गरी दिएको भए वा अरु कसैको हक दावी पुग्ने भए आफूसँग भएको सवुद प्रमाण सहित हकदावी गर्न आउनु होला । अन्यथा प्रचलित ऐन कानुन बमोजिम भई जाने व्यहोरा समेत सम्बन्धित सबेको लागि यसैको लागि यसैको लागि सूचनाबाट जानकारी गराइन्छ ।

**तपशिल**

| निवेदकले श्रेस्ता कायमका लागि माग दावि गरेका जग्गाको विवरण | | | | |
|---|---|---|---|---|
| सि.नं. | जिल्ला | गा.वि.स | वडा नं. | कित्ता नं. |
| १. | सोलुखुम्बु | सल्यान | १ | ७१२ र १६२१ |

**इति संवत् २०७९ साल असार महिना २२ गते रोज २ शुभम्**

नेपाल सरकार
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**भू–वातावरण तथा सामाजिक शाखा**
चाकुपाट, ललितपुर

### चौमाला–खैराला–बि.पी. नगर (३० कि.मि.) सडक खण्डको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयारी सम्वन्धि सार्वजनिक सूचना

**प्रकाशित मिति : २०७९/०३/२४**

नेपाल सरकार, सडक बिभाग, भू-वातावरण तथा सामाजिक इकाई, पुल्चोक, ललितपुरद्वारा सुदुरपश्चिम प्रदेश, कैलाली जिल्ला, गौरिगंगा नगरपालिका, वडा नं १ र चुरे गाउँपालिका वडा नं ४ मा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावको व्यहोरा | प्रस्तावित सडक खण्डको कुल लम्बाइ ३० कि. मि. रहेको छ। यस सडकको क्षेत्राधिकार ३० मिटर (१५/१५ मिटर दुबैतिर सडक केन्द्र बिन्दुबाट) र कुल फर्मेशन चौडाइ ८.५ मि. रहेको छ । प्रस्तावित सडक DBST सतहको कालोपत्रे प्रकारको रहनेछ। |
| प्रस्तावको नाम र ठेगाना | सडक विभाग, भू-वातावरण तथा सामाजिक इकाई, पुल्चोक, ललितपुर gesuunit@dor.gov.np सम्पर्क नम्बर: ०१-५००-५५२१, ९८५११७७११७ |
| सम्बन्धित मन्त्रालयको नाम र ठेगाना | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरवार, काठमाण्डौ |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा. | कैलाली जिल्ला गौरिगंगा न.पा. को वार्ड नं १ र चुरे गा.पा. को वार्ड नं ४ |
| परामर्शदाताको नाम र ठेगाना | स्मार्ट जे.भी. अपि प्वाइन्ट, बबरमहल, काठमाण्डौ consult.api.point@gmail.com सम्पर्क नम्बर: ०१-५००-५३४४६४५ , ९८५१२४७२६१ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली विच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पत्ताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले प्रस्तावकको ठेगानामा आइपुग्ने गरि यो सूचना प्रकाशन भएको मितिले सात (७) दिन भित्र लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन् अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना :**

| | |
|---|---|
| राय सुझावको लागि पत्राचार गर्ने निकाय र ठेगाना | सडक विभाग, भू-वातावरण तथा सामाजिक इकाई, पुल्चोक, ललितुर gesuunit@dor.gov.np, सम्पर्क नम्बर: ०१-५००-५५२१, ९८५११७७११७ |

**ZERO COST RECRUITMENT Opportunity For Malaysia!!**
**शुन्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारको अवसर ।**

**Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator! Free Food | Transportation | Accommodation from Interview to Deployment!**
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रियो, सेवाशुल्क नलाग्ने, तलब कटौतीनहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित
अन्तर्वार्ता देखि उडान सम्म निःशुल्क खाना, यातायात, आवास

**कम्पनी : GALAXY FORCE SECURITY SERVICES SDN BHD**

Pre Approval Date : 2022-04-22 पूर्व स्वीकृति मिति : २०७९/०१/०९ | LT. No.262105 एल टि न. २६२१०५ | Invoice No. 60178283 चलानी नं. ६०१७८२८३

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | माग संख्या Required No's महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary रिगिंट MYR | मासिक तलब: Monthly Salary ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३४,४२५ | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

**नोट: आबेदकहरूलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।**
**Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिन Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रू.७०० ।- रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : Management of Workers Welfare Fund — ने.रू.१५०० ।- रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer
सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it — रोजगारदाताले ब्यहार्ने By the Employer

ईन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट (आईएमआर) को कुनै शाखा तथा मध्यस्थकर्ता छैन। बैदेशिक रोजगारमा जाने कामदारहरुबाट आईएमआरले कुनै पनि भर्ना शुल्क लिने छैन। यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने।

International Manpower Recruitment P. Ltd (IMR) does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

**अन्लाईन अन्तर्वार्ता आईएमआर अफिस ग्वार्को, ललितपुरमा मिति २०७९/०३/३१ मा हुनेछ ।**
**Online Interview will be held at IMR Office, Gwarko, Lalitpur on 15th July 2022.**

**अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ।**
**Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.**

अवैध भर्तीकर्ताहरुदेखि सावधान रहनुहोस् र beware या Illegal Recruiters
कृपया धोखाढडी, अवैध कियाकलाप वा भ्रष्टाचार बिरुद्ध आईएमआरको स्वतन्त्र तेस्रो पक्ष हटलाइन नं ९७७ ९८०११३७७६९ मा वा ईमेल imr.grievance@gmail.com मा रिपोर्ट गर्न नहिचकिचाउनुहोस् । हामी तपाईको गोप्नीयता सुनिश्चित राख्नेछौं ।

**Feel free to report against fraud, illegal activities or corruption in IMR's Independent Third-Party Hotline +9779801137769 or email at imr.grievance@gmail.com . We shall maintain your confidentiality.**

**बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :-** १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Information provided by the Department of Foreign Employment(DOFE)** 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

श्रम ईजाजत नं. ३०९/०५९/०६०

**International Manpower Recruitment Pvt. Ltd.**
Gwarko 7, Lalitpur, Nepal Tel: +977-1-5204346,5204347,5204348
Mobile No.: 9818979632, 9802325733

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# नागरिकता समस्या समाधान गर

नागरिकताका विषयमा छलफल हुन थालेको लामो समय भयो । तर, राज्यका तर्फबाट उचित निर्णय हुन सकेको छैन । नागरिकता समस्या समाधान नहुँदा धेरै नागरिक नागरिकताविहीन भएर बाँचिरहेका छन् । नागरिकताविहीन हुनु भनेको फगत एउटा कागज नपाउनुमात्र होइन, राज्यको मूलप्रवाहमा पुग्न बन्देज लगाइनु हो । राज्यले प्रदान गर्ने अन्य सुविधाबाट वञ्चित गराइनु हो । नागरिकता नहुनुको पीडा भोग्नेहरूलाई मात्र थाहा हुन्छ । देश भएर पनि देशविहीन हुनुको पीडाले जलिरहेछन्, जो ।

उसो त नागरिकताजस्तो संवेदनशील विषयमा हचुवाका भरमा निर्णय गर्ने कुरा पनि भएन । गर्नु पनि हुँदैन । तर, यसो भन्दैमा लाखौं नागरिकलाई नागरिकताविहीन बनाउन मिल्दैन । यसमा दलहरूले मिलिभगत हुनु हुँदैन ।  अझ नागरिकताको विषयमा राजनीति गर्न त मिल्दै मिल्दैन । विडम्बना ऊ यसैबेला सरकारले प्रतिनिधिसभामा पेस भइसकेको नागरिकता विधेयक फिर्ता लिने निर्णय गरेर समस्यालाई झन् विखलबन्दमा पारेको छ ।

२०७५ साउन २८ गते पहिलोपटक प्रतिनिधिसभामा प्रवेश पाएको नागरिकता विधेयकका प्रावधानका विषयमा विभिन्न विवाद सिर्जना भए । संसद्को राज्य व्यवस्था तथा सुशासन समितिमा दर्जनौंपटक छलफल भए । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले एक वर्षअघि अध्यादेशको रूपमा जारी गरे पनि सर्वोच्चले कार्यान्वयन नगर्न आदेश दियो ।

यही बीचमा गत असार ८ गते सत्ता गठबन्धनको बैठकले विधेयक अगाडि बढाउने निर्णय गर्‍यो । तर, गठबन्धनको उक्त निर्णयविपरीत सरकारले नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक नै फिर्ता लिने निर्णय गर्‍यो । जसअनुसार बिहीबारको प्रतिनिधिसभा बैठकको सम्भावित कार्यसूचीमा उक्त विधेयक फिर्ता लिने विषयलाई राखिएको थियो । तर, अन्तिम कार्यसूचीमा उक्त विषयलाई राखिएन ।

लामो गृहकार्य र बहसपछि प्रतिनिधिसभामा पुगेको विधेयक नै फिर्ता लिनु वास्तवमा उचित कदम हुँदै होइन । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडूले सर्वसम्मत निर्णय हुन सकोस् भनेर विधेयक फिर्ता लिइएको बताएका छन् । तर, इतिहास हेर्दा यो सम्भव देखिँदैन । यदि, सर्वसम्मतको प्रयास हुँदो हो त चार वर्षअघि संसद्मा पुगेको विधेयक अहिलेसम्म अलपत्र पर्ने थिएन । यसमा अधिकतम सहमति जुटाएर अघि बढ्नुको विकल्प छैन । र, यसअघि राज्य व्यवस्था समितिबाट सोहीअनुसार पारित पनि भएको थियो ।

नागरिकता विधेयक फिर्ता लिने सरकारको निर्णयले राज्यले यसबीचमा गरेको बौद्धिक र आर्थिक लगानी पनि व्यर्थ भएको छ । जनताका छोराछोरी अझै लामो समय नागरिकताविहीन हुनुपर्ने स्थिति आएको छ ।

वास्तवमा नागरिकता विधेयक एक हिसाबले टुंगिसकेको थियो । तर, सरकारको निर्णयले थप अलमल भएको छ । अब आउने विधेयक कस्तो हुने हो भन्ने चासो थपिएको छ । त्यसमा फेरि दफावार छलफल हुने हुँदा लम्बिने पक्कापक्की नै छ । यसले गर्दा धेरै नागरिक अझै केही समय नागरिकताविहीन हुने देखिन्छ ।

नागरिकताको विषय संवेदशील हो नै । यसलाई उदार रूपमा लिन मिल्दैन । तर, यसो भन्दैमा लाखौं नेपालीसहित लामो समयसम्म नागरिकताविहीन बनाएर राखिराख्नु पनि झन् अर्को निकम्मापन हो । नागरिकता पाउनुपर्ने नागरिकको सामान्य हकलाई राज्यले खोस्न मिल्दै मिल्दैन । त्यसकारण नागरिकताको समस्या चाँडो समाधान गर ।



▶▶ भोजबहादुर शाह

# आगामी मौद्रिक नीतिलाई सिबिफिनको सुझाव

राष्ट्र बैंकले आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीतिको विभिन्न आवधिक समीक्षाहरू र अर्थ मन्त्रालयमार्फत आर्थिक वर्ष २०७९/८० को लागि प्रस्तुत बजेटमार्फत औंल्याइएका आर्थिक एवं वित्तीय सूचकांकहरूले मुलुकको अर्थतन्त्र समस्याग्रस्त हुँदै गएको स्पष्ट संकेत गरेपछि साधारण मानिसदेखि राजनीतिज्ञ, नीति निर्माता, अर्थशास्त्री, निजी क्षेत्र र आमसञ्चार जगतमासमेत अर्थतन्त्रका बारेमा विशेष चासो र चिन्ता बढाएको छ । खस्किँदै गएको अर्थव्यवस्थालाई थप जटिलतातर्फ उन्मुख हुनबाट जोगाउनका लागि समग्र अर्थतन्त्रमा देखिएका समस्या एवं चुनौतीहरूको स्पष्ट पहिचानसहित न्यूनीकरण गर्दै जानका लागि नेपाल सरकार, जिम्मेवार सम्पूर्ण निकायहरू र सरोकारवाला हामी सम्पूर्ण पक्षहरू निकै चनाखो हुँदै एकाकार भई लाग्नु अहिलेको प्रमुख आवश्यकता बनेको छ ।

विगत केही समय अघिदेखि नै अर्थतन्त्रका महत्त्वपूर्ण आकडाहरू ऋणात्मक दिशातर्फ उन्मुख हुँदै गरेको महसुस गर्दै बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन)ले तत्कालीन समयमा प्रासंगिक विषयहरूमा अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, सरोकारवाला पक्षहरू र सञ्चार क्षेत्रसँग निरन्तर छलफल, संवाद तथा बहस गर्दै आएको छ र समयसापेक्षरूपमा आर्थिक क्षेत्रका विभिन्न विषयहरूमा विषयविज्ञ तथा प्रतिष्ठित अध्ययन केन्द्रसँगको सहकार्यमा बृहत् अध्ययन तथा अनुसन्धान गरी सुझावसहितका प्रतिवेदनहरू सम्बन्धित निकायहरूमा पेस गरी ध्यानाकर्षण गराउँदै आएको छ ।

विगत केही सयमदेखि हालसम्म कायम रहेको तरलताको समस्या समाधानका विषयमा बृहत् अध्ययन तथा अनुसन्धान गरी सुझावहरूसहितको प्रतिवेदन गत वर्ष माघ २१ गते नेपाल राष्ट्र बैंक र माघ २४ गते अर्थ मन्त्रालयमा पेस गरेको थियो । उक्त प्रतिवेदनमा उल्लिखित कतिपय सुझावहरूलाई नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिको समीक्षामार्फत कार्यान्वयनमा ल्याएको छ । केही सुझावहरू आव २०७९/८० को लागि प्रस्तुत बजेटले सम्बोधन गरी कार्यान्वयनको दिशातर्फ उन्मुख रहेको छ ।

यसै सन्दर्भमा सिबिफिनले वर्तमान समयमा चुलिँदै गएको व्यापार घाटाको विषयलाई हृदयंगम गर्दै नेपालमा विप्रेषण र बैक तथा वित्तीय क्षेत्रबाट निजी क्षेत्रमा प्रवाह हुने ऋणले नेपालको व्यापार घाटामा के कस्तो प्रभाव पारेको छ, के-कस्ता समस्याहरू भए, यी समस्याहरूलाई कसरी सुधार गर्न सकिन्छ र नेपालको राष्ट्रिय हितको जगेर्ना कसरी गर्न सकिन्छ भन्नेबारेमा त्रिभुवन विश्वविद्यालय, केन्द्रीय अर्थशास्त्र विभागसँगको सहकार्यमा गहन अध्ययन गरी तयार गरेको सुझावसहितको अध्ययन प्रतिवेदन, ०७९ र आव २०७९/८० को मौद्रिक नीतिका विषयमा तयार गरिएको तीन महले रायसुझावहरू नेपाल राष्ट्र बैंकसमक्ष यही असार १४ गतेका दिन बुझाएको छ । साथै, अर्थतन्त्रको समग्र सुधारका विषयमा प्रधानमन्त्री शेरबहादुर देउवासमक्ष असार १६ गते भेटघाट गरी अध्ययन प्रतिवेदन र सुझावहरू पेस गरेको छ । त्यसैगरी नेपाल राष्ट्र बैंकद्वारा आगामी मौद्रिक नीतिका विषयमा असार २० गते आयोजित अन्तरक्रिया कार्यक्रममासमेत सिबिफिनले आफ्ना सुझावहरूलाई मौखिक तथा लिखितरूपमा गभर्नर तथा आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशकसमक्ष पुनः पेस गरेको छ ।

वर्तमान समयमा अझ पेचिलो बन्दै गएको तरलताको समस्या समाधान र क्रमशः घट्दो अवस्थामा रहेको विप्रेषण आप्रवाहलाई थप प्रभावकारी एवं व्यवस्थित बनाउनका लागि देहायका विषयहरूमा सुझाव तथा प्रतिवेदनको निष्कर्षमार्फत सिबिफिनले सम्बन्धित निकायको विशेष ध्यानाकर्षण गराएको छ ।

- स्थानीय तहको रकमलाई सतप्रतिशत निक्षेप गणना गर्न दिने व्यवस्थाले उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह गर्न मद्दत पुग्ने ।
- अनावश्यक र विलासिताका वस्तुहरूको आयातमा गरिएको कडाइलाई थप निरन्तरता दिँदै निर्यात प्रवर्द्धन गर्न उत्पादनमुलक क्षेत्रमा लगानी विस्तार गर्ने ।
- विप्रेषण आप्रवाहमा विशेष व्यवस्थापन गर्ने- विप्रेषणको निश्चित हिस्सालाई बचत गर्न आकर्षित योजनाहरू ल्याउने, विप्रेषणमा विशेष ब्याजदर उपलब्ध गराउने, बिमामा विशेष सुविधा उपलब्ध गराउने, सामाजिक सुरक्षा कोषमा सहभागी गराउने, नेपालमा फर्केर उद्योग सञ्चालन गर्न चाहेमा निजको क्षमतालाई विश्लेषण गरी निजले बचत गरेको रकमको दशौं गुणासम्म सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने आइपिओमा आरक्षणको व्यवस्था गर्ने, गैरआवासीय नेपालीहरूका लागि आकर्षक बचत र उत्पादनजन्य उद्योगमा लगानी गर्न विशेष योजना जस्ता व्यवस्थाहरू लागू गर्ने ।
- मौजुदा सिडी रेसियोलाई ९५ प्रतिशत पुऱ्याई उत्पादनमूलक क्षेत्रमा लगानी विस्तार गर्नका लागि प्रोत्साहनसहित आवश्यक नीतिगत व्यवस्था गर्ने ।
- बैंक तथा वित्तीय संस्थाहरूले आर्जन गरेको मुनाफाको वितरणको निर्क्योल गर्ने अधिकार पूर्वव्यवस्था अनुरूप नै सम्बन्धित संस्थाहरूलाई दिने ।

त्यसैगरी, अर्थतन्त्रले थेग्न नसक्ने गरी बढेको व्यापार घाटा र समस्याग्रस्त बन्दै गएका उद्योग व्यवसायहरूको पुनरुत्थानका लागि देहायका विषयहरूमा विशेष व्यवस्था गर्न सोही सुझावमार्फत विशेष आग्रह गरिएको छ ।

- देशमा व्यापार/व्यवसाय गर्ने वातावरण सुधार गरेर बैंकिङ क्षेत्रबाट निजी क्षेत्रलाई जाने कर्जाका सन्दर्भमा पनि उत्पादनजन्य उद्योगहरूमा केन्द्रित गर्ने वातावरण निर्माण गर्दा देशमा औद्योगिकीकरणको लागि पुँजी पर्याप्त हुने र व्यापारघाटा कम गर्नका लागि योगदान पुग्ने ।
- यस्ता प्रकारका ऋणहरू कृषि तथा पर्यटनजन्य उद्योगहरू, साना, घरेलु तथा मझौला उद्योगहरू, रोजगार एवं निर्यातमूलक उद्योगहरू, पूर्वाधार विकास-निर्माणजन्य उद्योगहरू जस्ता क्षेत्रमा केन्द्रित गर्दा राष्ट्रिय उत्पादनमा बढोत्तरी हुने र त्यस्ता उद्योगबाट नै ठूला उद्योगका लागि चाहिने आधार निर्माण भई प्रत्यक्षरूपमा आयात प्रतिस्थापन वा निर्यात प्रवर्द्धनमा सहयोग हुन गई व्यापारघाटा कम हुने देखिन्छ । साथै, यस्ता प्रकारका उद्योगहरूमा 'अफ टाइम'मा सस्तो दरमा विद्युत् उपलब्ध गराउँदा विद्युत्को खपतमा वृद्धि भई पेट्रोलियम पदार्थको उपयोग कम हुने र उत्पादनमासमेत वृद्धि भई आयात कम हुने देखिन्छ ।
- अनुत्पादक वा कम उत्पादक क्षेत्रमा प्रवाह हुने ऋणभन्दा उत्पादनजन्य उद्योगहरूमा प्रवाह हुने ऋणको ब्याजदरमा चार प्रतिशत कम गरी उपलब्ध गराउने ।
- महिलाहरूले आफ्नो नाममा २५ लाख रूपैयाँसम्म बैंक तथा वित्तीय संस्थामा निक्षेप जम्मा गर्दा उक्त रकमको स्रोत नचाहिने व्यवस्था गर्दा महिलाहरूको आर्थिक एवं सामाजिक सशक्तीकरणमा टेवा पुग्नुको साथै आर्थिक तरलतामा सहयोग पुग्ने ।
- कृषि परियोजना गर्ने सूचीकृत कम्पनीलाई ऊर्जामा जस्तै लगानी गर्दा स्रोत नचाहिने व्यवस्था गर्दा सबल राष्ट्रिय अर्थतन्त्र निर्माणका साथै आयात प्रतिस्थापनमा सहयोग पुग्ने देखिन्छ ।
- ठूला उत्पादनजन्य कम्पनीहरूलाई अन्तर ाष्ट्रिय कम्पनीहरूको उत्पादन सञ्जालसँग जोड्नका लागि आवश्यक ऋण प्रवाहको व्यवस्था मिलाउने ।
- उत्पादनजन्य उद्योगहरूमा बढी ऋण प्रवाह गर्ने बैंक तथा वित्तीय संस्थालाई सम्मान र पुरस्कारको व्यवस्था गर्ने ।
- अति आवश्यक कृषिजन्य कच्चा पदार्थबाहेक अन्य कृषिजन्य वस्तु तथा सामग्रीको आयातमा रोक लगाउने ।
- नेपाली मौलिक वस्तुहरूको उत्पादनमा लगानी विस्तार गर्ने, निर्यात प्रवर्द्धन गर्ने, उपयोगमा विशेष जोड दिने । जस्तैः नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, संघीय/प्रदेश/स्थानीय निकायका कर्मचारी र विद्यार्थीहरूको पोसाक, जुत्ता, ब्याग, पिउने पानी आदि नेपाली उत्पादनलाई प्राथमिकता दिने ।
- फजुल खर्च र अनावश्यक वस्तु तथा सेवाको प्रयोगलाई निरुत्साहित गर्दै बचत गर्न प्रोत्साहन गर्ने ।

सिबिफिनले नेपालका मौलिक उत्पादनहरू- अदुवा, अलैंची, प्राकृतिक रेशा (अल्लो, भांग्रो), मसलाजन्य वस्तुहरू, हातेकागज, जडीबुटी, तयारी पोसाक, रेशम यार्न र कपडाका साथै अचार, सातु, चिउरा (जसको अन्तर्राष्ट्रिय बजारमा राम्रो माग रहेको र निर्यात हुने प्रचुर सम्भावना रहेको छ) को वर्तमान अवस्था, योगदान र आगामी कार्यदिशाका विषयमासमेत अध्ययन गरिरहेको छ । त्यस अध्ययनको प्रतिवेदनसमेत निकट भविष्यमै सम्बन्धित निकायहरूमा बुझाई सार्वजनिक गर्ने तयारी भइरहेको छ ।

कोभिड-१९ र विभिन्न विश्व घटनाक्रमले कमजोर बन्दै गएको उत्पादन तथा आपूर्ति शृंखलाको प्रत्यक्ष प्रभावबाट साँघुरिँदै गएको

**विप्रेषणको निश्चित हिस्सालाई बचत गर्न आकर्षित योजनाहरू ल्याउने, विप्रेषणमा विशेष ब्याजदर उपलब्ध गराउने, बिमामा विशेष सुविधा उपलब्ध गराउने, सामाजिक सुरक्षा कोषमा सहभागी गराउने, नेपालमा फर्केर उद्योग सञ्चालन गर्न चाहेमा निजको क्षमतालाई विश्लेषण गरी निजले बचत गरेको रकमको दशौं गुणासम्म सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने आइपिओमा आरक्षणको व्यवस्था गर्ने, गैरआवासीय नेपालीहरूका लागि आकर्षक बचत र उत्पादनजन्य उद्योगमा लगानी गर्न विशेष योजना जस्ता व्यवस्थाहरू लागू गर्ने ।**

नेपालको अर्थतन्त्रमा देखापरिरहेका समग्र समस्या एवं चुनौतीहरूको न्यूनीकरण तथा समाधानका लागि नेपाल सरकार, नियामक निकाय र सरोकारवाला पक्षहरूसँग सहकार्य गर्दै सबल, सक्षम र आत्मनिर्भर अर्थतन्त्रको निर्माणमा सिबिफिन निरन्तर लागिरहने प्रतिबद्धतासमेत व्यक्त गर्दछ ।

*(आगामी मौद्रिक नीतिका सम्बन्धमा सिबिफिनले नेपाल राष्ट्र बैंकलाई दिएको सुझावबारे जानकारी दिन सिबिफिनका वरिष्ठ उपाध्यक्ष एवं प्रवक्ता शाहले बिहीबार जारी गरेको प्रेस विज्ञप्तिबाट ।)*

## मननयोग्य

### विदुर नीति

धैर्य, शान्ति, इन्द्रिय नियन्त्रण, शुद्ध व्यवहार, दया, कोमल वा नरम बोली र मित्रद्रोह नगर्नु यी सातवटा यस्ता गुण हुन् जसले मानिसको समुन्नति र प्रगति गराउँछ ।

जुन राजा वा मानिसले आफूमा आश्रित रहेका व्यक्तिहरू (भाइ, छोराहरू) लाई भाग-वण्डा, बाँडफाँड नगरेर सारा सम्पत्ति आफैले मात्र हडप्दछ । त्यस किसिमको दुष्ट स्वभाव भएको कृतघ्न एवम् निर्लज्ज राजा या मानिसलाई जनता एव्म हितैषी साथीभाइहरूले साथ दिन छाड्दछन् ।

जसरी सर्प पसेको घरको मानिसले रातमा निश्चित (मस्त) सँग सुत्न सक्तैन । त्यसैगरी यदि मानिस आफैं दोषी छ भने उसको अवगुणहरू बिलकुलै नभएका आफ्ना अन्तरङ्ग मित्रहरूलाई पनि चिदाउँछ (नाखुश पार्छ) त्यसैपछि उसले रातमा पनि सुखको निद्रा पाउँदैन ।

जुन मानिसलाई दोषरोपण गर्दा उनीहरू रिसाए भने आफ्नो जीवनवृत्तिमा असर पार्न जान्छ त्यस्ता मानिसलाई सदैव देवतालाई जस्तै गरेर खुसी राख्नुपर्दछ ।

जसले धन सम्पत्तिजस्ता कुरालाई स्त्री, बौलाहा, सामाजिक रूपले बहिष्कृत (पतित) अनि दुष्ट मानिसहरूको जिम्मामा सुम्पने गर्छ । यस्ता व्यक्तिहरूमा यी कुराहरू उपलब्ध हुनेवाला पनि छन् भने यसरी हुने सम्पत्तिको प्राप्तिलाई सन्देहात्मक रूपले हेर्ने गर्नुपर्दछ ।

जुन देशको शासन स्त्री, जुवाडे, बालक आदिको हातमा छ त्यस देशमा जनताको अवस्था ढुंगो वा पत्थरले बनेको डुंगामा चढेर गहिरो समुद्रको यात्रा गर्ने यात्रीहरूसरह हुन्छ, जो सधैं विपत्तिरूपी समुद्रमा डुब्दछन् ।

जो मानिस जे जत्ति काम गर्न आवश्यक छ त्यती मात्र काम गर्न संग्लन रहन्छ र धेरैमा हात हाल्ने, त्यस्तो मान्छेलाई म पण्डित हो भन्ने ठान्दछु । किनकि धेरै ठाउँमा हात हाल्नु भनेको संर्घषको कारण हुन जान्छ ।

क्रमशः

## पत्र–मञ्जुषा

# अरुमाथि हिलो छ्यापेर चोखो बन्ने काम नगरौं

नेपालको अर्थतन्त्रले अहिले व्यापक चर्चा पाएको छ । सदनदेखि सडकसम्म अर्थतन्त्रकै चुरोकुरो उठिरहेको छ । हालै प्रमुख प्रतिपक्षी दलका नेता केपी शर्मा ओलीले सदनमा उभिएर नेपालको अर्थतन्त्र श्रीलंकाजस्तै बनिसकेको बताए । यता, उनले भनेको यो कुरा अहिलेको अवस्थासँग मिल्दोजुल्दो छ । इन्धनको अभाव, महँगी निरन्तर बढ्नु र वित्तीय संस्थामा तरलता बढ्नुले हरेक नेपालीले अर्थतन्त्र नाजुक स्थितिमा पुगेको अनुमान लगाएका छन् । सरकारले जति लुकाउन खोजेपछि यो कुरा विस्तारै आउँदै छ । राजनीतिक दल र जनताले अर्थतन्त्रलाई लिएर टीकाटिप्पणी गर्न थालेका छन् । मुलुक कतातिर जान्छ भनेर अधिकांशले अड्कलबाजी गर्न थालिसकेका छन् ।

साँच्चै नै अर्थतन्त्र धराशायी बनिसकेको हो ? विपक्षी पार्टीले तारन्तर एउटै कुरा भनेको भन्यै छ । कतै ओलीले सरकारमाथि हिलो छ्यापेर आफू चोखो बन्ने खेल त रचेका छैनन् ? सरकारले करको दायरा परिवर्तन गरेपछि एमालेका उद्योगी व्यवसायीहरूले विरोध गरिरहेका छन् । उद्योग व्यवसायीसँग लिएको पैसा पचाउनका लागि विरोध गरिएको बुझिएको छ । देशको प्रधानमन्त्री भइसकेको व्यक्तिलाई दहीच्युरे कुरा गर्न लाज लाग्दैन ।

कर घटाउनका लागि विपक्षीका दलले आर्थिक चलखेल गरेर त बुरुकबुरुक उफ्रिएका होलान् । देशको अर्थतन्त्र जोखिममा पर्‍यो भन्दै अर्थमन्त्रीलाई खेदो गर्ने । डुबिसकेको अर्थतन्त्र अर्थमन्त्रीले राजीनामा दिँदैमा फिर्ता आउँछ ? यसमा सरकारदेखि विपक्षी दल सबैको हात छ । एउटाले यताबाट खुट्टा तान्ने अर्कोले उताबाट । अनि कसरी देश सुध्रिन्छ । सदनमा उभिएर ओलीले सेयरको कुरा पनि उठाए । सेयरवाला डुबे भनेर उनी सदनमै उफ्रिए । अहिले जति पनि सेयरमा लगानी छ ती मध्ये ६० प्रतिशत एमालेका कार्यकर्ता हुन् । आफैं पर्दाभित्र बसेर अनसन बस्न लगाउने अनि आरोप सबै सरकारलाई लगाउने । सेयरको मूल्य घट्नुको कारण ओली नै हो । सेयरमासमेत राजनीति छिराइयो जसले गर्दा सेयरमा लगानीकर्ताहरूको आज रुवावासी चलेको छ । आफैं कुट्ने अनि आफैं फकाउने ओली त्यस्ता व्यक्ति हुन् ।

विदेशी मुद्राको सञ्चिति सकिँदै गएको र अर्थतन्त्र सिद्धिएकै हो भने अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंकले यथार्थ कुरा किन बाहिर ल्याउँदैन ? विपक्षी दलले यसरी आरोप लगाइरहँदा सरकार किन मौन छ ? विपक्षी दल गलत हो भने उसलाई कारबाही गर्नुपर्‍यो । जहिले पनि एउटै कुरा कति उचालिरहने । यहाँ दनदनी बलेको आगोमा पेट्रोल छर्किने काम भइरहेको छ । एमालेबाट अर्थमन्त्री भइसकेका व्यक्तिहरूले हरेक कार्यक्रममा अर्थतन्त्र डामाडोल भइसकेको कुरा मात्र उठाइरहेका छन् । सरकारले यो कुरा लुकाएर राखेको उनीहरू आरोप लगाइरहेका छन् । यता, राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले अबको तीनदेखि छ महिनाभित्र नेपाल श्रीलंकाकै अवस्थामा आउने बताउँछन् । बढ्दो व्यापार घाटा र विदेशी मुद्राको सञ्चितिमा कमी आएको उनी बताउँछन् ।

श्रीलंका एकैचोटि त्यस्तो स्थितिमा पुगेको होइन । महँगी बढ्यो भनेर त्यहाँको सरकारले कर घटायो । लोकप्रिय हुनका लागि सरकारले देशै संकटमा पुऱ्याउने निर्णय गर्‍यो । यता, नेपाल सरकारले पनि हालसालै पेट्रोलियम पदार्थमा लिनुपर्ने कर घटाएको छ । जनतासँग लिनुपर्ने कर पनि राज्यले उठाउन सकिरहेको छैन । विदेशीसँग ऋण लिएर सरकारी कर्मचारीलाई तलबभत्ता खुवाउने काम भइरहेको छ । यसले पनि नेपालीलाई सोचमग्न बनाइदिएको छ । सरकार सही कि विपक्षी गलत जनताहरू अलमल्ल परेका छन् । सरकारले पेट्रोलियम पदार्थको जतिमा खरिद गर्‍यो त्यतिमा नै बेच्नुपर्छ । घाटा खाएर सरकारले केलाई बेच्ने ? जनताले अहिले पनि कर तिरेका छैनन् । उनीहरूलाई किन कडाइ नगर्ने ? देश चल्ने एकमात्र स्रोत भनेको कर हो । यो नै उठाउन सकिएन भने मुलुक कसरी चल्छ ? कतिञ्जेल विदेशीसँग ऋण लिएर सरकारी कर्मचारीलाई तलब खुवाउने ?

जनताप्रति हामी जिम्मेवार छौं । जनताका लागि हामी जे गर्न पनि तयार छौं भन्छन् सरकार र सांसद् । तर, आजसम्म एक दिनको तलबभत्ता छोडेको पाइँदैन । त्यसैले अरुलाई हिलो छ्यापेर आफू ओभानो बन्ने प्रवृत्ति बन्द गरौं ।

*रोजन लम्साल, भक्तपुर*

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । -सं.

# मालपोतका कर्मचारीसहित १३ जना दोषी ठहर

**कर्णाली–** जिल्ला अदालत सुर्खेतले जग्गाधनीलाई थाहै नदिएर जग्गा खरिद-बिक्रीसम्बन्धी कार्यमा संलग्न मालपोत कर्मचारीसहित १३ जनालाई दोषी ठहर गरेको छ ।

न्यायाधीश डा राजेन्द्रकुमार आचार्यको एकल इजलासले बुधबार कीर्ते तथा ठगी कसुरमा मालपोत कार्यालय सुर्खेतका चार कर्मचारीसहित १३ जना दोषी रहेको फैसला सुनाएको हो । वीरेन्द्रनगर नगरपालिका-६ का सौगात रावतले साविक जर्बुटा वडा नं ३ (क) कित्ता नं ३१११ रहेको ६ कठ्ठा आफ्नो जग्गा २०७७ असार ८ गते खरिद-बिक्री भएको पाएपछि अदालतमा मुद्दा दायर गरेका थिए ।

जिल्ला अदालतले मालपोत कार्यालयका नायब सुब्बा विश्वरूप सावद, कम्प्युटर शाखामा कार्यरत गणेश विक, खरिदार रजिष्ट्रेशन कृष्णबहादुर थापा, दीपेन्द्र श्रेष्ठ र मोठ तथा जग्गा नामसारी फाँटका तीर्थराज महतारा, वीरेन्द्रनगर-१२ तत्कालीन कार्यवाहक अध्यक्ष रामकुमार दर्लामी, वडा सचिव उत्तम अधिकारी र सुनिता रानालाई कीर्ते कसुरमा दोषी ठहर गरेको छ ।

त्यस्तै वीरेन्द्रनगर-१ का सहवीर कार्की, वीरेन्द्रनगर-६ का अमरसिंह कटुवाल, वीरेन्द्रनगर-६ का सन्तोष ठाकुर, वीरेन्द्रनगर-५ का निर्मल पुरी, वीरेन्द्रनगर-२ का गणेश बुढालाई ठगी कसुरमा दोषी ठहर गरेको छ । जिल्ला अदालतका श्रेस्तेदार ठाकुरप्रसाद पौडेलले कीर्ते र ठगी कसुर भएकाको हकमा सजाय निर्धारणका लागि ३० दिनभित्र अर्को सुनुवाइ हुने जानकारी दिए ।

'सम्भवतः यही महिनाभित्र सजाय निर्धारणसम्बन्धी फैसला हुनसक्छ' उनले भने । श्रेस्तेदार पौडेलका अनुसार फैसलामा जग्गाधनी रावतको सहिछाप नमिल्ने प्रमाणित विधि विज्ञान प्रयोगशालाको प्रतिवेदन, जग्गा खरिदबिक्रीको क्रममा कुनै रकम नदिएको र तत्काल परिवारमा भागबण्डा गरी बिक्रीसमेत गरेको तथ्यमा प्रतिवादी सावित नै रहेको उल्लेख गरेको छ ।

जग्गा व्यवसायी ठाकुरसहितले कार्कीका नाममा राजीनामा लिखत पारित गराएपछि मालपोतका कर्मचारीसहित १९ जनाविरुद्ध रावतले अदालतमा मुद्दा दायर गरेका थिए । जग्गाको कित्ताकाट हुँदा अथवा किनबेच हुँदा जग्गाधनी र मोही (जग्गा किन्ने व्यक्ति) बीच आपसी सहमतिमा सयुंक्त निवेदन दिएको अवस्थामा मात्र मालपोत कार्यालयले नामसारी गराउनसक्छ। तर जग्गाधनीलाई कुनै जानकारीबिनै किनबेच भएको खुलेपछि रावतले ठगी तथा कीर्ते कसुर अभियोगमा तत्कालीन मालपोत कार्यालय प्रमुख लक्ष्मी खत्रीसहित १९ जनाविरुद्ध मुद्दा दायर गरेको थिए । अदालतले मालपोतका तत्कालीन कार्यालय प्रमुख खत्रीसहित ६ जनालाई सफाइ दिएको छ । *रासस*

# गाँजासहित तीन जना पक्राउ

**पर्सा (प्रस)–** वीरगञ्ज महानगरपालिका-२१ परवानीपुरबाट २ सय ७० किलोग्राम अवैध लागूऔषध गाँजा सहित २ जनालाई बिहीबार प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा भारत मोतिहारी ग्राम सेमरी वडा नम्बर ११ ठेगाना भएका २७ वर्षीय विजेश कुमार यादव र भारत विहार पूर्वी चम्पारण पलडवा ठेगाना भएका ५० वर्षीय धर्मेन्द्र यादव रहेका छन् ।

परवानीपुरको बाटो हुँदै लागूऔषध गाँजा ओसार पसार भइरहेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले यूपी २१ एएन ९९५७ नम्बरको ट्रकलाई जाँच गर्ने क्रममा क्यावीनमा लुकाई राखेको अवस्थामा उक्त गाँजा फेला पारी ट्रकमा सवार उनीहरूलाई पक्राउ गरेको हो ।

मकवानपुर, भिमफेदी गाउँपालिका-२ भैसेबाट करिब ६ किलो अवैध लागूऔषध गाँजा सहित कैलाश गाउँपालिका-४ झ्याङे बस्ने २४ वर्षीय विजय लामालाई बुधबार प्रहरीले पक्राउ गरेको छ । चुनियाबाट हेटौंडा बजारतर्फ आउँदै गरेको बा.२ ९ प ३०४४ नम्बरको मोटरसाइकललाई प्रहरी चौकी भैसेबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उक्त गाँजा सहित फेला पारी मोटरसाइकल चालक विजयलाई पक्राउ गरेको हो ।

## कटुवा पेस्तोलसहित दुई जना पक्राउ

**बारा (प्रस)–** सिम्रौनगढ नगरपालिका-१ नम्सगराढाठ बस्ने २९ वर्षीय अनिल मुखिया र सोही ठाउँ बस्ने २५ वर्षीय गुड्डु मुखियालाई १ थान कटुवा पेस्तोल सहित बुधबार प्रहरीले पक्राउ गरेको छ ।

नम्सगराढाठ पोखरीको डिलमा उनीहरूले हतियार देखाई धाकधम्की दिईरहेको भन्ने सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय सिम्रौनगढबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उनीहरूको साथबाट उक्त पेस्तोल फेला पारी उनीहरूलाई पक्राउ गरेको हो ।

## मोटरसाइकल हरायो

मिति २०७८/१०/१९ गते निम्न विवरण भएको **काठमाडौं बुडानीलकण्ठ नगरपनलिका वडा नं. ४ पासिकोट** स्थित घर अगाडी पार्किङ ठाउँबाट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न मोबाइल नम्बरमा जानकारी गराइदिनुहुन अनुरोध गर्दछु ।

**सवारी धनीको नाम: सुभाष चन्द्र केरुङ**
**ठेगाना : पाचथर फालेलुङ गा.पा.लि वडा नं. ५**
**बाइक मोडल : 200ccNS पल्सर कालो**
**बाइक नं.: बा.प्र-०२-०२८प७५४३**
**इन्जिन नं.: JLXCMA37411**
**च्यासिस नं.:MD2A26FX9MCA84436**
**मोबाइल : ९८१३२२३९१०**

## कम्पनीको नाम परिर्वतन तथा प्रबन्ध पत्र, नियमावली संशोधन गरिएको सूचना

**तेस्रोपटक प्रकाशित मिति : २०७९/०३/२४ गते**

यस कम्पनीको मिति २०७६/०९/२१ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **छिमेकी विविध सेवा सर्भिस सेन्टर प्रा.लि ९.(दर्ता नं:२११०३९)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि **हाम्रो छिमेकी विविध सेवा प्रा.लि.**(नाम परिवर्तन) नाम कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७७/०८/२५ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **हाम्रो छिमेकी विविध सेवा प्रा.लि.** कायम गरिएको व्यहोरा गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।


## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HYT FOOD INDUSTRIES SDN BHD.

पूर्व स्वीकृति मिति २०७९/03/२३ | LT. No. 266852 | चलानी नं.६०१८२७५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | 1500 | ४३,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ORIENTAL ART PRINTING ENTERPRISE SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/03/२३ | LT. No. 266853 | चलानी नं.६०१८२८३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Operator | 15 | 0 | 1500 | ४३,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: असार ३१ गते (15th July. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

GREATER VISION OVERSEAS PVT. LTD.
Gaushala KTM, Nepal, Tel: +977-1-4480285, Fax: +977-1-4469772
श्रम इजाजत नं. २८२/०५८/०५९

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DORAT AL NAQL TRANSPORT FOR TRANSFORT GOODS EST

पूर्व स्वीकृति मिति : २०७९/03/२३ | LT. No. :266716 | चलानी नं. ६०१८२७६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 5 | 0 | 1800 | ६०,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : CAFE RAZZAH FARAS FOR BEVERAGES

पूर्व स्वीकृति मिति : २०७९/03/२३ | LT. No. :266717 | चलानी नं. ६०१८२७०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sweet Maker | 1 | 0 | 1400 | ४७,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: असार ३१ गते (15th July. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

JBR Associates Pvt. Ltd.
श्रम इजाजत नं. ५१०/०६१/०६२
Kalimatidol, Sinamangal, Ktm, Nepal, Phone No.: +977 1 4478614, 4478115,
Mob No : 9801017866, 9841268351, 9813775981 Pokhara : 9856027539, 9856028841
E-mail : info@jbrassociate.com , Website : www.jbrassociate.com

## फ्री भिजा । फ्री टिकेट ।।

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : LEE SOON SENG PLASTIC INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०३/२३ | LT. No. 266626 | चलानी नं. ६०१८२७१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 200 | 0 | 1500 | ४३,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |

कम्पनी : FREIGHTWATCH G PATOMOTOH SECURITY SERVICES SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०३/२३ | LT. No. 260019 | चलानी नं. ६०१८२६९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1200 | ३४,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: असार ३१ गते (15th July. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

R. A. International Employment Agency Pvt Ltd
श्रम इजाजत नं. १४०४/०७४/०७५
Basundhara-03 Metropolitan City, Kathmandu, Tel: +977-1-4016740, 4016760,4388035, Fax: 4016745
E-mail: rainternational81@gmail.com,Website www.rainternational.net

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Establishment Furn Najd for Trading

पूर्व स्वीकृति मिति: २०७९/03/२३ | LT. No.266738 | चलानी नं. ६०१८२४५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | waiter | 2 | 0 | 1200 | ४०,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा असार ३१ गते (15th July 2022) मा हुनेछ

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००/-

